# स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ कृषि सेवा, भेटेरिनरी, लाईभष्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट र फिसरिज समुह, सहायकस्तर चौथो तहका पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

## पाठ्यक्रमलाई निम्नानुसार विभाजन गरिएको छः

**प्रथम चरणः- लिखित परीक्षा** **पूर्णाङ्कः १००**

**द्वितीय चरणः- अन्तर्वार्ता** **पूर्णाङ्कः २०**

## परीक्षा योजना (Examination Scheme)

**प्रथम चरणः- लिखित परीक्षा योजना (Examination scheme)**

| बिषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | १०० | ४० | बस्तुगत बहुबैकल्पिक (Multiple choice) | ५० प्रश्न x २ अङ्क=१०० | ४५ मिनेट |

**द्वितीय चरणः- अन्तर्वार्ता**

| बिषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

**द्रष्टब्यः**

१. यो पाठ्यक्रम योजनालाई लिखित परीक्षा र अन्तर्वार्ता गरी दुई चरणमा विभाजन गरिएको छ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

३. लिखित परीक्षामा निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

| पाठ्यक्रमको एकाई | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| प्रश्न संख्या | १४ | १२ | १२ | १२ |

४. बस्तुगत बहुबैकल्पिक (Multiple choice) प्रश्नहरुको उत्तर सही दिएमा प्रत्येक उत्तर बापत २ (दुई) अङ्क प्रदान गरिनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. बहुबैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै पनि प्रकारको क्यालकुलेटर (Calculator), मोवाइल फोन वा अन्य विद्युतीय उपकरण प्रयोग गर्न पाइने छैन।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र तथा विषयका विषयवस्तुमा जे सुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून ऐन नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना



Scanned with CamScanner

अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेका लाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

७. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

८. लिखित परीक्षा र अन्तर्वार्ताको कुल अङ्क योगका आधारमा परीक्षाफल प्रकाशित गरिनेछ।



Scanned with CamScanner

# स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ कृषि सेवा, भेटेरिनरी, लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट र फिसरिज समुह, सहायकस्तर चौथो तहका पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## विषयः सेवा सम्बन्धी

१. पशुपन्छी तथा मत्स्य सम्बन्धी

१.१ नेपालको संविधानमा कृषि तथा खाद्य सम्बन्धी व्यवस्था

१.२ निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०

१.३ प्रदेश निजामती सेवा ऐन तथा नियमावली (प्रदेश नं. १)

१.४ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा नियमावली, २०५६

१.५ पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ तथा नियमावली, २०५६

१.६ जलचर संरक्षण ऐन, २०१७

१.७ दाना पदार्थ ऐन, २०३३ र नियमावली, २०४१

१.८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी)

१.९ संघ, प्रदेश र स्थानीय तहमा पशु सेवाको संरचना

१.१० पशुपन्छी र मत्स्य अनुसन्धानमा नेपाल कृषि अनुसन्धान परिषद्को संरचना र क्रियाकलाप

१.११ नेपालमा पशुपन्छी तथा मत्स्यपालनको संक्षिप्त इतिहास र वर्तमान अवस्था

१.१२ प्रदेश नं. १ को चालु आवधिक योजनामा पशुपन्छी तथा मत्स्य विकासको उद्देश्य र कार्यक्रमको प्राथमिकता, लक्ष्य एवम् कार्यान्वयन रणनीति

१.१३ नेपालको अर्थतन्त्रमा पशुपन्छी तथा मत्स्य विकासको महत्व र यी क्षेत्रका प्रमुख समस्याहरु

१.१४ पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन एवम् मूल्यांकन र स्थानीय तहहरुको भूमिका

१.१५ पशुपन्छी तथा मत्स्य विकास कार्यक्रममा ऋण, विमा, उत्पादन सामाग्री, औजार, बजार तथा मूल्य व्यवस्था

१.१६ पशुपन्छी तथा मत्स्य वस्तुको उत्पादन लागत तथा मूल्य निर्धारण

१.१७ पशुपन्छी तथा मत्स्य विकासमा सरकारी, सहकारी तथा नीजि क्षेत्रको भूमिका

१.१८ पशुपन्छी तथा मत्स्यको दिगो एवम् व्यवसायिक उत्पादन वृद्धिको लागि अपनाइने उत्पादन र उत्पादनोपरान्त प्रविधि

१.१९ पशुपन्छी तथा मत्स्य क्षेत्रको विकासमा प्रसारका तरिकाहरु, महत्व, सिमितता र प्रभावकारीता एवम् एकिकृत प्रसार सेवा कार्यक्रम

१.२० पशुपन्छी र मत्स्य विकासमा समुह पद्धती प्रकिया र कार्यान्वयन तथा अगुवा कृषक छनौटको आधार, भूमिका र परिचालन

१.२१ पशुपन्छी र मत्स्य विकासका लागि तालिम तथा सञ्चार कार्यक्रमको भूमिका

१.२२ पशुपन्छी र मत्स्य विकासमा ग्रामीण पूर्वाधारः सिंचाई, कृषि सडक, बजार, चिस्यान केन्द्र, शित भण्डार आदिको व्यवस्थापन र महत्व

Scanned with CamScanner

१.२३ संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन भएका पशुपन्छी र मत्स्य सम्बन्धी परियोजना, आयोजना तथा कार्यक्रमहरु

## २. भेटेरिनरी

२.१ आन्तरिक परजीवी (Internal parasite): नाम्ले जुका (Liverfluke), गोलो जुका (Roundworm), फित्ते जुका (Tapeworm), कक्सिडियोसिस (Coccidiosis) र रक्त परजीवि (Blood protozoa) को प्रमुख लक्षण, उपचार तथा रोकथाम

२.२ बाह्य परजीवी (External parasites): किर्ना (Tick), जुम्रा (Lice), उपियाँ (Fleas) र लुतो (Mange) को प्रमुख लक्षण, उपचार र रोकथाम

२.३ प्रमुख ब्याक्टेरियल रोगहरु (Bacterial diseases): भ्यागुते रोग (Hemorrhagic Septicemia), पटके रोग (Anthrax), चरचरे रोग (Black quarter), इन्टेरोटक्सिमीया (Enterotoxaemia), थुनेलो (Mastitis), क्षयरोग र जोन्स रोग (Tuberculosis and John's Disease), काफ स्कोर र कोलिब्यासिलोसिस (Calf scour and Colibacillosis), फाउल टाइफाइड (Fowl typhoid), कुखुराको हैजा (Fowl cholera), पुल्लोरम (Pullorum), खुर कुहिने रोग (Foot rot), ब्रुसेल्लोसिस (Brucellosis) र माइकोप्लाज्मोसिस (Mycoplasmosis) का लक्षण, उपचार र रोकथाम

२.४ प्रमुख भाईरल रोगहरु (Viral diseases): गौगोटी (Rinderpest), पि पि आर (PPR), लम्पी स्कीन रोग (Lumpy skin disease), एभियन ईन्फ्लुएन्जा (Avian influenza), एभिएन लिम्फोइड ल्युकोसिस (Avian lymphoid leucosis), खोरेत (Foot and mouth disease), रेबिज (Rabies), स्वाईन फिभर (Swine fever), कुखुराको ब्रिफर (Fowl pox), गम्बोरो (Gumboro), रानीखेत (Ranikhet) तथा मरेक्स रोग (Marek's Disease) का लक्षण, उपचार र रोकथाम

२.५ प्रजनन् सम्बन्धी विकृति तथा समस्याहरुको कारण, लक्षण, उपचार तथा रोगकथाम

२.५.१ साल नझर्ने (Retention of Placenta)

२.५.२ तुहिने (Abortion)

२.५.३ डिस्टोकिया (Dystocia)

२.५.४ बाँझोपनः संक्रामक रोगहरुबाट र पौष्टिक तत्त्वको कमीबाट हुने

२.६ प्राथमिकता प्राप्त जुनोटीक रोगहरु (Zoonotic diseases): दुध र मासुबाट सर्ने रोगहरु

२.७ पशुपन्छीमा भिटामिन र खनिजको कमिबाट हुने रोगहरु

२.८ गाई भैसीका मेटाबोलिक रोगहरु: Milk Fever, Ketosis and Downer's Cow Syndrome

२.९ ढुसि तथा ढुसिजन्य पदार्थबाट हुने रोगहरु (Fungal and Mycotoxic diseases)

२.१० आधारभूत प्रयोगशाला उपकरणहरु तथा निर्मलीकरणका तरीकाहरु

२.११ एन्टिमाईक्रोबियल रेसिस्टयान्सको अवधारणा (Antimicrobial resistance): एन्टिबायोटीक

२.१२ विश्व पशु स्वास्थ्य संगठन (OIE)

२.१३ पशु कल्याणबारे जानकारी

## ३. लाईभष्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट

३.१ गाई भैसीका जातहरु तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.१.१ उन्नत गाईका जातहरुः जर्सी, होलिस्टिन फ्रिजियन, ब्राउन स्वीस, हरियाणा



Scanned with CamScanner

३.१.२ स्थानीय जातका गाईहरू: सिरी, अछामी, लुलु, खैला, तराई गाई, पहाडी गाई, चौरी

३.१.३ उन्नत जातका भैंसीहरू: मुर्रा, नीलीरावि

३.१.४ स्थानीय जातका भैंसीहरू: लिमे, पारकोटे र गड्डी

३.२ उन्नत तथा स्थानीय जातका बाख्राहरू तिनीहरूको शारीरिक तथा उत्पादन विशेषताहरू

३.२.१ उन्नत जातहरू: जमुनापारी, बोयर, बारबारी, सानन्

३.२.२ स्थानीय जातहरू: च्याँग्रा, सिन्हाल, खरी, तराई बाख्रा

३.३ उन्नत तथा स्थानीय भेडाका जातहरू तिनीहरूको शारीरिक तथा उत्पादन विशेषताहरू

३.३.१ उन्नत जातका भेडाहरू: मेरिनो, पोलवर्थ, बोर्डरलाइसेस्टर

३.३.२ स्थानीय जातका भेडाहरू: भ्याडलुङ, बरुवाल, कागे, लाम्पुच्छ्रे

३.४ उन्नत तथा स्थानीय सुँगुरका जातहरू तिनको शारीरिक तथा उत्पादन विशेषताहरू

३.४.१ उन्नत जात: ल्यान्ड्रेस, योर्कसायर, ह्याम्पसायर, डुरोक, पाखिवास कालो

३.४.२ स्थानीय जातहरू: च्वाँचे, हुर्रा, बामपुड्के

३.५ उन्नत र स्थानीय जातका कुखुराहरूको शारीरिक बनावट तथा उत्पादन विशेषताहरू

३.५.१ उन्नत जातहरू: न्यूह्याम्पसायर, अष्ट्रालोर्प, व्हाईट लेगहर्न, गिरिराज, कडकनाथ

३.५.२ स्थानीय जातहरू: साकिनी, घाँटी खुइले, दुम्से (प्वाँख उल्टे)

३.६ खरायो: ऊन तथा मासुको लागि पालिने खरायोका जातहरू र तिनीहरूको विशेषता

३.७ पशुपन्छी प्रजनन विधिहरू

३.८ भाले खोजेको पोथीको लक्षण तथा प्रजनन् गराउन उपयुक्त समय

३.९ कृत्रिम गर्भाधानको महत्व र विधि, कृत्रिम गर्भाधान कार्यमा उपयोग हुने उपकरणहरू, ऋतु चक्र, प्रजनन् सँग सम्बन्धित हर्मोनहरू

३.१० पौष्टिक तत्वहरूको वर्गीकरण: पानी, कार्बोहाइड्रेट, प्रोटीन, चिल्लो पदार्थ, भिटामिन र खनिज पदार्थ तथा तिनका गुणहरू

३.११ पशुपन्छीहरूको लागि सन्तुलित दाना तयार गर्ने विधि

३.१२ घाँसपात संरक्षण: हे र साइलेज बनाउने विधि, महत्त्व र गुणहरू

३.१३ परालमा यूरिया प्रयोग गर्ने विधि र उपयोगिता, पशु आहारामा प्रोबायोटीक्स प्रयोगका फाइदाहरू

३.१४ स्थानीय र उन्नत चरन घाँस तथा खेती तरीका

३.१४.१ कोसे घाँस: स्टाइलो, बरसिम, कुड्जु, सिराट्रो, सेन्ट्रो, बोडी, व्हाईट क्लोभर, कोते, लुसर्न, डेस्मोडियम, केराउ, भेच लगायत अन्य महत्वपुर्ण घाँसहरू

३.१४.२ अकोसे घाँसहरू: नेपियर, पारा, सेटारिया, किक्यू ,राईग्रास, कक्स्फुट, जै, अम्लिसो, मरगम, मुलाटो लगायत अन्य महत्वपुर्ण घाँसहरू

३.१४.३ डाले घाँसहरू: ईपिल ईपिल, बडहर, कोइरालो, टाँकी, काभ्रो, पाखुरी, किम्बु, दबदबे, पैयु, बकाइनो, निभारो, भिमसेनपाती, बैस, भोटेपिपल, बाँस, मेन्दोला लगायत अन्य महत्वपुर्ण घाँसहरू

३.१५ प्रचलित तथा उन्नत व्यवस्था अनुसार पशुपन्छीको गोठखोर निर्माण र सरसफाई

३.१६ विभिन्न पशुपन्छीको भाले, माउ तथा बच्चाको स्याहार र आहारा व्यवस्थापन

३.१७ जैविक सुरक्षा (Biosecurity)



Scanned with CamScanner

३.१८ दुध प्रशोधन (Pasteurization) गर्ने विधि

३.१९ दुग्धजन्य पदार्थहरु बनाउने विधिः क्रिम, बटर, चिज, कुराैनी, घीउ, दही, छुर्पि, ललिपप, बम्बेसन, पेडा, रसवरी, मोही, सेरगोम

## ४. फिसरिज

४.१ माछाको बाहिरी स्वरुप, विभिन्न अङ्ग र ती अङ्गका कार्यहरु

४.२ माछापालनको महत्त्व र माछामा पाइने पौष्टिक तत्वहरु

४.३ पोखरीमा पालन योग्य माछाको जातहरु र जातिय विशेषता

४.४ आयोजना स्थल छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरु एवम् माटोको गुणस्तर बारे जानकारी

४.५ पोखरी निर्माणका चरणहरु र रेखाङ्कन

४.६ माछापालनको लागि पोखरीको तयारी व्यवस्थापन (Pre- stocking management) एवम् पोखरीका प्रकारहरु र तिनको महत्त्व बारे जानकारी

४.७ पोखरी तयार गरी सकेपछी गरिने कार्यहरु (Post- stocking Management)

४.८ पोखरीको मलिलोपना जाँच्ने विधि

४.९ पुरानो पोखरीको मर्मत सम्भार तथा व्यवस्थापन

४.१० पानीको भौतिक, रसायनिक र जैविक गुणबारे जानकारी एवम् पहिचान विधि (Detection methods)

४.११ माछापालनको लागि पानीको गुणस्तरका सुचकहरु र मापनस्तर

४.१२ मत्स्य यान्त्रीकरण र व्यवसायिक मत्स्यपालनमा यसको महत्त्व

४.१३ माउमाछा व्यवस्थापन एवम् परिपक्वता पहिचान र छनौट विधि

४.१४ मत्स्य प्रजननका लागि प्रयोग हुने हर्मोनहरु तथा रसायनहरु

४.१५ मत्स्य ह्याचरी र नर्सरीको अभिलेख तरिका र महत्व

४.१६ मत्स्य पालन गर्न मत्स्य भुराको छनौट, स्टकिङ साइज, दर र प्रजनन समयबारे जानकारी

४.१७ स्थानीय स्तरमा माछाको दाना बनाउने तरिका एवम् भण्डारण विधि

४.१८ पोखरीमा मत्स्य पालन (Pond fish culture)

४.१९ पिंजडामा मत्स्य पालन (Cage fish culture)

४.२० रेसवेमा मत्स्य पालन (Raceway culture)

४.२१ मत्स्यपालनका तरिका (माछाको जातको आधारमा)

४.२१.१ एक जातिय मत्स्यपालन (Monoculture)

४.२१.२ बहुजातिय मत्स्यपालन (Polyculture)

४.२२ मत्स्य पालनका तरिका (सघनताको आधारमा)

४.२२.१ सामान्य मत्स्यपालन (Extensive culture)

४.२२.२ अर्ध सघन मत्स्यपालन (Semi-intensive culture)

४.२२.३ सघन मत्स्यपालन (Intensive/super Intensive)

४.२३ एकीकृत मत्स्य पालन (Integrated fish culture) तथा व्यवस्थापन

४.२३.१ धानखेतमा मत्स्यपालन (Rice-fish culture)

४.२३.२ पशुपालन र मत्स्यपालन (Livestock and fish culture)

४.२३.३ फलफूल, तरकारी खेती र मत्स्यपालन (Horticulture and fish culture)



Scanned with CamScanner

४.२४ मत्स्यपालनमा अपनाईएका पद्धतिहरु एवम् नविनतम प्रविधिहरु
४.२५ माछापालनका जोखिमहरु एवम् मत्स्य विमा बारे जानकारी
४.२६ माछापालनमा देखा पर्ने प्रतिपक्षी जिवहरु (Predators) र तिनको व्यवस्थापन विधि
४.२७ माछामा देखा पर्ने रोग र परजिवीहरुको पहिचान र व्यवस्थापन बारे जानकारी
४.२८ मत्स्यपालनमा अभिलेखको महत्त्व तथा मत्स्य उत्पादन र बजारीकरण

## नमुना प्रश्नहरु (Model questions)

१. तलका मध्ये पानीमा घुलनशिल भिटामिन कुन हो ?
(क) भिटामिन ए
(ख) भिटामिन बि
(ग) भिटामिन डि
(घ) भिटामिन ई

२. तलका मध्ये लम्पी स्कीन रोगको कारक जीव कुन हो ?
(क)जिवाणु
(ख) विषाणु
(ख)ढुसी
(घ) परजिवी

३. दुधमा पाईने केसिन (Casein) कुन तत्त्व हो ?
(क) भिटामिन
(ख) कार्बोहाइड्रेड
(ग) प्रोटिन
(घ) खनिज

४. पोखरीमा एरेटरको काम के हो ?
(क) माछा मार्न
(ख) हिलो निकाल्न
(ग) झार सफा गर्न
(घ) अक्सिजनको खपत गराउन

५. निम्न मध्ये पानीको रासायनिक गुण हो ?
(क) एमोनिया
(ख) सुर्यको प्रकाश
(ग) धमिलोपन
(घ) पानीको रङ्ग

Scanned with CamScanner